का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ असोज २०८१,
शनिबार
28 September, 2024
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक २२८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## देशभर वर्षा
# सवारी आवागमन र हवाई उडान प्रभावित

मौसम पूर्वानुमान महाशाखाका अनुसार देशभर निरन्तर पानी परिरहेको छ । निरन्तरको वर्षाले सवारी आवागमन र हवाई उडान प्रभावित भएका छन् ।

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ११ असोज ।

वर्षाले देशभरको जनजीवन प्रभावित भएको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार देशभर निरन्तर पानी परिरहेको छ । निरन्तरको वर्षाले सवारी आवागमन र हवाई उडान प्रभावित भएका छन् ।

नेपाल नागरिक उड्ययन प्राधिकरणले शुक्रबार बेलुकी सात बजेदेखिका सबै आन्तरिक उडानलाई रद्द गरेको छ । खराब मौसमका कारण देशभरका सबै विमानस्थल र हवाई रुटमा अत्यधिक जहाज हल्लाउने, डाइभर्ट हुने क्रम बढेपछि प्राधिकरणले मौसममा सुधार नआएसम्म कतै पनि आन्तरिक उडान नगराउने निर्णय गरेको हो ।

अविरल वर्षाले देशभरका सवारी राजमार्ग समेत प्रभावित भएका छन् । सडक विभागका अनुसार चतरा-मुलघाट-माझीटार-अमरापुरडाँडा-गणेशचोक सडक खण्डको चतरा पुलदेखि बराह क्षेत्रसम्म जाने सडक अवरुद्ध भएको छ । यो तमोर करिडोर अन्तर्गतको सडक हो ।

पृथ्वी राजमार्गको नौबिसे-मुग्लिन सडक अन्तर्गत नागढुंगा र पृथ्वी राजमार्गकै धादिङस्थित ७ किलो भन्ने स्थानमा सडक अवरुद्ध भएको थियो । पृथ्वी राजमार्गअन्तर्गत विभिन्न स्थानमा पहिरो जाँदा सवारीसाधन निर्वाध गुड्न पाएका छैनन् ।

नारायणगढ तर्फ आँपटारी र मुग्लिनतर्फ मुग्लिन बजारमा सवारी आवागमन प्रभावित भएको छ । मध्यपहाडी राजमार्ग अन्तर्गत सिन्धुलीको फिक्कल क्षेत्रमा समेत राजमार्ग >>> पृष्ठ २ मा

रोगबाट बच्ने उपायहरु
- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिशा पिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि

*साबुन पानीले मिचिमिचि हात धोऔं*
*रोगबाट बचौं र बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## राष्ट्रसंघमा प्रधानमन्त्री
# जलवायु परिवर्तनप्रति गम्भीर बन्न आग्रह

**शिव विक / मध्यान्ह**
काठमाडौं, ११ असोज ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त राष्ट्रसंघको ७९औं महासभालाई सम्बोधन गरेका छन् । महासभालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले जलवायु परिवर्तनको असरप्रति गम्भीर बन्न विश्व समुदायलाई आग्रह गरेका छन् ।

कसैलाई पनि पछाडि नपारी वर्तमान र भावी पुस्ताका लागि शान्ति, दिगो विकास र मानव मर्यादाको उन्नतिका लागि एकजुट हुन विश्व समुदायलाई आह्वान गरे । प्रधानमन्त्री ओलीले विश्वका विकसित मुलुकको कार्बन उत्सर्जनबाट नेपाल प्रभावित हुनु परेको र जलवायु न्यायको लाभ नेपालले पाउनुपर्ने माग गरे ।

साथै प्रधानमन्त्री ओलदीले राष्ट्रसंघीय शान्ति अभियानमा आफ्नो योगदान थप वृद्धि गर्न नेपाल तयार रहेको बताए । सेना र प्रहरीको सबैभन्दा ठूलो योगदानकर्ताका रूपमा नेपाल थप योगदान गर्न तयार रहेको बताए ।

सशस्त्र द्वन्द्वपछि नेपालको शान्ति स्थापनाका प्रयासका आरोह अवरोहको व्याख्या गर्दै प्रधानमन्त्री ओलीले आफ्नो नेतृत्वको सरकारले सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई संसदबाट हालै पारित गराएको महासभालाई जानकारी गराए ।

'दुई ठूला राजनीतिक दलको सहकार्यमा बनेको वर्तमान सरकार नेपाली जनताको समावेशी र समतामूलक समृद्धिका लागि आर्थिक रूपान्तरणलाई अघि बढाउँदै स्थायित्व कायम गर्न कटिबद्ध छ,' प्रधानमन्त्री ओलीले भनेका छन् ।

सबैसँग मित्रता, छैन कसैसँग शत्रुता भन्ने गहिरो विश्वासका साथ नेपालले आफ्नो विदेश नीति सञ्चालन गरिरहेका् उल्लेख गर्दै उनले अगाडि भनेका छन्, 'पारस्परिक सम्मान, सार्वभौम समानता, क्षेत्रीय अखण्डता, एकार्काको आन्तरिक मामिलामा अहस्तक्षेप र शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तमा रहेर नजिकका छिमेकी र अन्य मुलुकसँगको घनिष्ठ, सौहार्दपूर्ण र रचनात्मक सम्बन्धलाई थप सुदृढ गर्न नेपाल प्रतिबद्ध छ ।'

इजरायल-प्यालेस्टाइन द्वन्द्व दुई मुलुकबीच संवादबाट शान्तिपूर्ण समाधान हुनुपर्नेमा पनि प्रधानमन्त्री ओलीले जोड दिए ।

प्रधानमन्त्री ओलीले नेपाल सन् २०२६ भित्रमा अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने तर सन् २०३० भित्रमा दिगो >>> पृष्ठ २ मा

# न्यायाधीश सिफारिस विवादमा

आफूहरू आन्दोलनमा रहेका बेला न्यायाधीश सिफारिस गरिएको भन्दै नेपाल बार एशोसिएसनका अधिकारीहरूले प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठमाथि आर्थिक लेनदेनको आधारमा दुई जना न्यायाधीश नियुक्त गर्न सिफारिस गरेको गम्भीर आरोप लगाएका हुन् ।

**भावना पाठक / मध्यान्ह**
काठमाडौं, ११ असोज ।

सर्वोच्च अदालतका लागि शुक्रबार भएको न्यायाधीश सिफारिस विवादमा परेको छ । न्याय परिषद्ले सर्वोच्च अदालतको न्यायाधीशमा नृपध्वज निरौला र नित्यानन्द पाण्डेको नाम सिफारिस गरेको छ । परिषद्को शुक्रबारको बैठकले उनीहरूलाई सिफारिसको निर्णय गरेको हो । निरौला उच्च अदालत पाटनका मुख्य न्यायाधीश र पाण्डे उच्च अदालत तुलसीपुरका मुख्यन्यायाधीश थिए ।

तर उक्त सिफारिसलाई लिएर नेपाल बार एशोसिएशनले गम्भीर आरोप लगाएको छ । नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरे प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठमाथि 'आर्थिक लेनदेनको आधारमा सर्वोच्च अदालतमा दुई जना न्यायाधीश नियुक्त गर्न सिफारिस गरेको' आरोप लगाएका छन् ।

परिषद् बैठकले न्याय परिषद् (पहिलो संशोधन) नियमावली २०८० को कार्यान्वयन सम्बन्धमा गठित कार्यदलको प्रतिवेदनमा उल्लिखित सुझावको कार्यान्वयन सम्बोधनका लागि वरिष्ठतम् न्यायाधीश प्रकाशमानसिंह राउतलाई तोक्ने निर्णय गरेको छ । उक्त नियमावलीकै विषयलाई लिएर नेपाल बार एशोसिएशन आन्दोलनमा छ ।

आफूहरू आन्दोलनमा रहेका बेला न्यायाधीश सिफारिस गरिएको भन्दै बार एशोसिएशनका अध्यक्ष घिमिरे प्रधानन्यायाधीश श्रेष्ठमाथि आर्थिक लेनदेनको आधारमा दुई जना न्यायाधीश नियुक्त गर्न सिफारिस गरेको भनेर गम्भीर आरोप लगाएका हुन् ।

काठमाडौंमा शुक्रबार नै आयोजित एक कार्यक्रममा बोल्दै बारका अध्यक्ष घिमिरेले प्रधानन्यायाधीशमाथि आफूले लिएको हिसावकिताव मिलानका लागि न्यायाधीश सिफारिस गरेको गम्भीर आरोप लगाए ।

बार एशोसिएसनले गैरसंवैधानिक काममा सम्झौता नगर्ने भन्दै अध्यक्ष घिमिरेले भनेका छन्, 'प्रधानन्यायाधीशज्यु, मलाई थुनेर तपाईंले गरेको गैरन्यायिक र गैर संवैधानिक काम संवैधानिक हुन्छ भने थुन्नुस् । >>> पृष्ठ २ मा



> प्रधानन्यायाधीशज्यु, मलाई थुनेर तपाईंले गरेको गैरन्यायिक र गैरसंवैधानिक काम संवैधानिक हुन्छ भने थुन्नुस् । आजै थुन्नुस्, मेरो चुनौती हो ।

**गोपालकृष्ण घिमिरे**
**अध्यक्ष, नेपाल बार एशोसिएसन**

## वैदेशिक रोजगार विशेष

# यूएईमा भिजिट भिसामा जाने कामदारको जीवन कष्टकर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असोज

भिजिट भिसामा यूएई पुग्ने नेपालीको अवस्था कष्टकर देखिएको छ । यूएईस्थित नेपाली दूतावासका अनुसार यूएईमा औसतमा हरेक डेढ महिनामा आत्महत्याको घटना सार्वजनिक हुने गरेको छ । आत्महत्याका पीडित अधिकांश नेपाली भिजिट भिसामा गइ सामान्य काममा संलग्न नेपाली कामदार रहेका छन् । उनीहरूलाई उनीहरूको वास्तविक सामर्थ्यभन्दा फरक सपना देखाएर दलालहरूले त्यहाँ पुऱ्याएको बताइएको छ । अबुधाबीस्थित नेपाली दूतावासका द्वितीय सचिव लोकबहादुर क्षेत्रीलाई उद्धृत गर्दै खलीज टाइम्स लेख्छ, 'गरिब मजदुरहरूले यूएईमा काम खोज्न ठूलो रकम तिर्छन् । यूएईमा आइपुगेपछि उनीहरूले सपना देखेको भन्दा फरक चीजहरू फेला पार्छन् । परिवार र ऋणको दबाबले उनीहरूलाई आत्महत्या गर्न बाध्य पार्छ ।'

भिजिट भिसामा यूएई जानेले सामान्यतया कम तलबको जोखिमयुक्त रोजगारी पाउने अवस्था छ । रोजगारी पाएकाले मासिक ७ सयदेखि बढीमा १ हजार दिहराम तलब पाउने गरेका छन् । त्यसअघि नै स्वदेशमा एजेन्टहरूलाई डेढ लाख रूपैयाँ बुझाइसकेका उनीहरूले स्वदेश फर्केर पुर्ख्यौली सम्पत्ति बेचेर ऋण चुक्ता गर्नुपर्ने अवस्था छ । यूएईको बढ्दो महँगीले दैनिकी चलाउन कष्टकर भइरहेको अवस्थामा प्रत्येक महिनाको तलबबाट भिसा खर्च कटौती गरिनु थप पीडादायक हुने उक्त पत्रिकाले उल्लेख गरेको छ ।


नेपालमा कामदारलाई विदेश पठाउन ठूलो रकम लिएर शोषण गर्ने बेइमान र दर्ता नभएका एजेन्टलाई कडा कारबाही गर्ने भनिएपनि कानूनी प्रबन्ध कमजोर रहेको छ । प्रक्रियागत र कार्यविधि कानूनको अलमलले धेरै पीडितहरू ठगीको रकम फिर्ताको अभियान बीचमै छोडेर विचलन हुन बाध्य हुने गरेका छन् ।

## असोज १४ मा कुनै पनि अभिमुखीकरण तालिम हुन नसक्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असोज

वैदेशिक रोजगार विभागले असोज १४ गते कुनै पनि अभिमुखीकरण तालिम सञ्चालन हुन नसक्ने बताएको छ । असोज १५ गतेदेखि वैदेशिक रोजगार अभिमुखीकरण तालिममा अनिवार्यरूपमा आइरिस प्रणाली लागू गर्ने योजना बनाएको विभागले असोज १४ गते श्रम स्वीकृति प्रणालीलाई आइरिस प्रणालीमा स्तरोन्नति 'अपग्रेड' गर्ने बताएको छ ।

विभागले असोज १४ गते प्रणालीमा अपग्रेड गरेपछि १५ गतेदेखि अनिवार्यरूपमा आँखाको रेटिना रेकर्ड गर्ने 'फेसटाइम एटेन्डेन्ट एण्ड आइरिस रेकोग्निसन सिष्टम' लागू गर्ने जनाएको छ । फेसटाइम एटेन्डेन्ट एण्ड आइरिस >>> पृष्ठ २ मा



# उखु र दुध किसानको भुक्तानीका लागि रकम निकासा

**काठमाडौं/मस**–सरकारले दुध तथा उखु किसानको बाँकी बक्यौता रकम उपलब्ध गराउने प्रक्रिया शुरु गरेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्री रामनाथ अधिकारीको विशेष पहलमा दुध तथा उखु किसानका लागि झण्डै दुई अर्ब रुपैयाँ निकास भएको हो ।

दुध किसानहरूको बक्यौता रकम तिर्नका लागि शुक्रबर मात्र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले ऋण लगानीको तमसुक तथा भुक्तानीका लागि अनुमति दिएको छ भने आठ जिल्लाका उखु किसानले पाउनुपर्ने एक अर्ब ४५ करोडभन्दा बढी रकम कृषि मन्त्रालयले रकमान्तर गरी भुक्तानीका लागि जिल्लाहरूमा पठाएको छ ।

त्यसका लागि महालेखा नियन्त्रक कार्यालयको अनुमति र अर्थ मन्त्रालयले रकम बाँडफाँट गरी शुक्रबारनै सम्बन्धी जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पठाएको छ ।




कञ्चनपुर, नवलपरासी पश्चिम, बारा, रौतहट, सर्लाही, महोत्तरी, सिराहा र सुनसरी जिल्लाका उखु किसानले पाउनुपर्ने रकमका लागि एक अरब ४५ करोड ३२ लाख २१ हजार ८६८ रुपैयाँ सम्बन्धित जिल्लालाई पठाएको छ । सम्बन्धी जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयलाई रकम बाँडफाँट स्वीकृत पाएको छ । उखु किसानले अनुदान बापत पाउनुपर्ने रकम दशैं अघि नै पाउने भएका छन् ।

मन्त्री अधिकारीले उखु तथा दूध किसानहरूको बाँकी रकम दसैं अघि नै भुक्तानी गर्ने प्रतिबद्धता जनाउँदै आएका थिए । सोही अनुसार प्रधानमन्त्री केपी शर्मा ओली र उपप्रधान एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग मन्त्री अधिकारीले निरन्तर पहलमा उक्त काम सम्भव भएको बताए ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको भदौ २६ गतेको निर्णयलाई महालेखा परीक्षकको कार्यालय र अर्थ मन्त्रालयले स्वीकृत गरेको छ । उखु किसानलाई रकम उपलब्ध गराउन कृषि मन्त्रालयले गरेको प्रस्ताव अनुसार अख्तियारी तथा बाँडफाँट शुक्रबार भएको हो । 'प्रचलित कानुन र स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने गरी उखु कृषकहरूलाई अनुदान उपलब्ध गराउन सम्बन्धित कार्यविधि, २०७५ (संशोधनसहित) उखु उत्पादक कृषकलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने (गत आव २०८०/०८१को समेत) कार्यान्वयनका लागि देहायका ८ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अख्तियारीरबाँडफाँट स्वीकृत गरिएको छ,' पत्रमा भनिएको छ ।

जस अनुसार कञ्चनपुर, नवलपरासी पश्चिम, बारा, रौतहट, सर्लाही, महोत्तरी, सिराहा र सुनसरी जिल्लाका उखु किसानले पाउनु पर्ने रकमका लागि एक अर्ब ४५ करोड ३२ लाख २१ हजार ८ सय ६८ रुपैयाँ सम्बन्धित जिल्लाहरूमा पठाइएको छ ।

त्यस्तै, मन्त्रिपरिषद् भदौ २० गते दुग्ध विकास संस्थान (डिडीसी)लाई दुग्ध किसानहरूको बक्यौता रकम तिर्नका लागि सर्तसहित ६० करोड रुपैयाँ ऋण दिने प्रस्ताव स्वीकृत गरेको थियो ।

# कालोबजारी नियन्त्रण गर्न एमालेको माग

**काठमाडौं/मस**–नेकपा (एमाले)ले चाडपर्वमा हुनसक्ने कालो बजारी नियन्त्रण गर्न सरकारसँग माग गरेको छ । एमालेको विपद् व्यवस्थापन तथा स्वयंसेवा विभागले शुक्रबार कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहलाई ध्यानाकर्षण पत्र बुझाउँदै चाडवाड नजिकीयसँगै कालो बजारी र महँगी बढ्ने भएकाले नियन्त्रण गर्न माग गरेको हो ।



विभागका प्रमुख खिमलाल भट्टराईको नेतृत्वमा गएको टोलीले चाडवाडमा हुनसक्ने कालोबजारी र महँगी नियन्त्रणको लागि तत्काल अनुगमन सयन्त्रलाई परिचालन गर्नुपर्नेमा माग राखेको छ ।

यस्तै गुणस्तरीय र सुपथ मूल्य पसलहरु देशभरि सञ्चालन गर्नुपर्ने, चामल, दाल, तेल, चिनी, तरकारी, फलफूल र मासुजन्य वस्तुहरु सर्वसुलभ र सुपथ मूल्यमा पाउने वातावरण बनाउन माग गरिएको छ ।

चाडपर्व नजिक आइरहेकाले तत्काल सडकको मर्मत र खाल्डाखुल्डी पुर्नुपर्ने, चाडपर्वमा आवतजावतका लागि यातायातको साधन अभाव हुन नदिन वैकल्पिक व्यवस्था गर्न, सुरक्षा प्रबन्धका निम्ति ठाउँठाउँमा प्रहरी र यातायातको सहज व्यवस्थापनका लागि पनि माग गरिएको छ ।

ध्यानाकर्षण पत्र बुझ्दै कार्यवाहक प्रधानमन्त्री सिंहले चाडपर्वलाई लक्षित गरेर सुरक्षा व्यवस्था कडा पार्न निर्देशन दिइसकेका बताभएका नेता भट्टराईले जानकारी दिए ।

# प्रधानसेनापतिद्वारा शान्ति सैनिकबारे जानकारी

**काठमाडौं/मस**–प्रधानसेनापति अशोकराज सिग्देलले संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति स्थापनार्थ लेबनान र सिरियाको वर्तमान सुरक्षा स्थिति र विविध पक्षबारे भर्चुअल माध्यमबाट जानकारी लिएका छन् ।



त्यसअवसरमा सिरियाका फोर्स कमान्डर तथा लेवनानका डेपुटी फोर्स कमाण्डर र सिनियर नेशनल अधिकृतले लेबनानको पछिल्लो सुरक्षा स्थिति र विकसित घटनाक्रमबारे प्रधानसेनापतिलाई जानकारी गराउनुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

सो क्रममा प्रधानसेनापति सिग्देलले त्यहाँ तैनाथ नेपाली शान्ति सैनिकलाई सम्बोधन गर्दै आइपर्न सक्ने सम्भावित सुरक्षा चुनौतीहरूको सामना गर्न तयारी अवस्थामा रहँदै धैर्यताका साथ आफ्नो कर्तव्य निर्वाह गर्न निर्देशन दिएको पनि निर्देशनालयले जनाएको छ ।

उनले प्रतिकुल अवस्थामा नेपाली शान्ति सैनिकले देखाएको अनुशासन र कर्तव्यपरायणताको उच्च प्रशंसा गरे । हाल उक्त मिसनहरूमा तैनाथ नेपाली शान्ति सैनिक सुरक्षित रहेको सेनाले जानकारी दिएको छ ।

# लिमिमा देखिन थाल्यो वनचौंरी

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ११ असोज

पर्यटनको सम्भावना बोकेको जिल्लाको एक मात्र लिमिमा वनचौंरी देखिन थालेको छ ।

लामो समयदेखि नदेखिएका वनचौंरी अहिले घरपालुवा चौंरीका बथानसँगै पाटनमा देखिन थालेको चौंरी गोठमा भएका गोठलाले बताएका छन् । लिमि हुम्लाको उत्तरी क्षेत्रमा पर्ने नाम्खा गाउँपालिका वडा ६ मा पर्दछ । उक्त स्थानका पाटनमा करिब १२ वर्ष पहिला वनचौंरीको बनाथ देखिने भएपनि त्यो अहिले घटेको स्थानीय बुडापाखाले बताएका छन् ।

नाम्खा गाउँपालिकाको मात्र पर्यटकीय क्षेत्र नभएर हुम्लाकै पर्यटन मार्ग मानिन्छ । लिमिको लाप्चाबाट मानसरोवर र कैलाश पर्वतको पनि दर्शन गर्न सकिने भएकाले विदेशी तथा स्वदेशी पर्यटनको आगमन पनि बढ्दो क्रम देखिएको छ । पर्यटकले पनि वनचौंरीको तस्बिर लिनलाई चौंरी गोठमा पुग्ने गरेको वडाध्यक्ष पाल्जोर तामाङले बताए ।

मानसरोवर दर्शन गर्न गएका सिमकोट वडा नं. ७ का स्थानीय हस्त बहादुर शाहीले पर्यटन तिर्थ दर्शन भन्दा



पनि वनचौंरी हेर्न जाने बढी रहेका बताए । स्थानीय शाहीका अनुसार नाम्खाको लिमिमा मात्र नभएर सिमकोट वडा नं. १ दोजामको चुवाखोलामा अहिले वनचौंरी देख्न मुस्किल भएको छ ।

वनचौंरीको स्थानीयबासीले देख्ने बित्तिकै शिकार गर्ने हुँदा पनि संख्या घट्दै गएको हुन सक्ने उनले बताए ।

लिमि चार दिन लगाएर पाटनमा खोज्दा एक ठूलो भाले वनचौंरी घर पालुवा चौंरीको बथान नाम्खा ६ कै तुम्लिङ चौंरी गोठमा भेटिएको छ ।

वनचौंरी तुम्लिङ भन्दा तल नआउने अब पाटननै जाने स्थानीयको भनाइ । वनचौंरी घरपालुवा चौंरीसँग कहिले काही आउने गर्दछ । एक मात्र नभएर उक्त स्थानमा ४ वटा जति वनचौंरी भएको कहिले काहीँ घरपालुवा चौंरीलाई नुन दिएको ठाउँमा नुन खान आउने गरेको छ ।

गाउँपालिका भित्रका विभिन्न पाटनमा अन्य गाउँपालिकाका स्थानीय आएर शिकार गर्ने हुँदा त्यसमा गाउँपालिका स्थानीय सरकारले निगरानी राख्नु पर्ने गाउँलेको माग छ । वनचौंरी घरपालुवा भन्दा ठुलो ,कपाल लामो भएको सिङ पनि लामो ,मानिस देख्दा बित्तिकै हान्न आउने भाग्ने जस्ता भिन्नै गतिविधि देखाउने हुन्छ । वनचौंरी एक पर्यटनको माध्याम भएको हुँदा यसलाई प्रवर्द्धन गर्न जरुरी देखिन्छ । वनचौंरीले फराकिलो पाटन बढी मन पराउँछन् ।

# शनिश्चरे नगर अस्पतालमा सेवा लिनेको संख्या दोब्बरले वृद्धि

**झापा/मस**–जिल्लाको अर्जुनधारास्थित शनिश्चरे नगर अस्पतालमा प्रसूति सेवा लिनेको संख्या दोब्बरले वृद्धि भएको छ ।




नगर अस्पतालमा आमा सुरक्षाका कार्यक्रमसँगै शल्यक्रियासहितको प्रसूति सेवा शुरु भएपछि यहाँ प्रसूति सेवा लिनेको संख्या दोब्बरले वृद्धि भएको हो । नगर अस्पतालमा आर्थिक वर्ष २०८१/८२ को हालसम्म ७६ जनाले प्रसूति सेवा लिएको अस्पतालका अभिलेख शाखा प्रमुख किरणकुमार खरेलले जानकारी दिए । आव २०८०/८१ मा ८३ जनाले सेवा लिएका थिए ।

आमा सुरक्षा नमूना कार्यक्रमअन्तर्गत सङ्घीय सरकारबाट आवश्यक अत्याधुनिक उपकरण प्राप्त भएपछि प्रसूति गराउन आउने संख्या उल्लेख्य वृद्धि भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.योगेश चेम्जोङले बताए । 'दक्ष जनशक्तिसँगै पूर्वाधार पर्याप्त भएकाले पनि आकर्षण बढ्दै गएको छ', उनले भने, 'सेवाग्राहीलाई गुणस्तरीय सेवा दिने प्रयास गरिरहेका छौं, सेवाग्राहीको विश्वास पनि बढिरहेको छ ।'

गत आवमा नगर अस्पतालबाट ७९ हजार आठ सय ६२ जनाले बहिरङ्ग सेवा लिएका थिए भने चालु आवको भदौसम्म १७ हजार तीन सय ३४ जनाले सेवा लिएको अस्पतालले जनाएको छ ।

हालै नगर अस्पताललाई संघीय सरकारले रु ७६ लाख बराबरको स्वास्थ्य उपकरण प्रदान गरेको छ । अस्पतालको सेवाको स्तरवृद्धिका लागि संघीय सरकारले अत्याधुनिक प्रसूति शय्या, इसिजी मेसिन, फोटोथेरापी मेसिन एक-एक थान, बिरामी शय्या नौ थान, एक्स-रे मेसिन एक थान, बिपी सेट पाँच थान, ल्याब्रोटेरी माइक्रोस्कोप एक थान, सिटीजी मेसिन एक थान र पोर्टेबल भिडियो एक्स-रे मेसिन एक थान प्रदान गरेको हो ।

नगर अस्पतालको भवन निर्माणका लागि सरकारले चालु आवमा सात करोड बजेट विनियोजन गरेको उनले बताए । नयाँ भवन सञ्चालनमा आएपछि सेवा विस्तार हुने उनले बताए । अस्पतालमा दुई चिकित्सक अत्यावश्यक रहेकाले मन्त्रालयसँग माग गरिएको नगरप्रमुख गोम्देनले बताए ।

# लामो दुरीमा यातायात सञ्चालन नगर्न प्रशासनको आग्रह

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ११ असोज

जिल्ला प्रशासन कार्यालय रोल्पाले लामो दुरीमा यातायात सञ्चालन नगर्न आग्रह गरेको छ । रोल्पामा सञ्चालित यातायात प्रालिहरुलाई असोज ११ र १२ रात्रीकालिन यातायातका सवारी साधनहरु सञ्चालन नगर्न भनी जिल्ला प्रशासन कार्यालय रोल्पाले सूचना जारी गरेको हो ।




राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण काठमाडौंले असोज ११ र १२ गते रात्रीकालिन यातायातका सवारी साधनहरु संचालन नगर्न हुन भनी सूचना जारी गरेको हुँदा रोल्पाबाट छुट्ने लामो दुरीका रात्रीकालिन यातायातका साधनहरु २ दिनसम्म सञ्चालन नगर्न भनेको हो ।

दिवा सेवामा सञ्चालन हुने सवारी साधनहरुले साविकको समय भन्दा अगाडिको समयमा छुट्ने व्यवस्था मिलाउने र त्यस पछिका दिनहरुमा मौसमको अवस्था बुझी पहाडी क्षेत्र पर्ने भू-भाग उज्यालो हुँदै पार गर्ने गरी यातायातका सवारी साधनहरु छुट्ने व्यवस्था मिलाउन निमित्त प्रमुख जिल्ला अधिकारी पदम बहादुर डाँगीले आग्रह गरेका छन् ।

## देशभर...

अवरुद्ध रहेको छ । रिडी-बालकोट-हंसपुर-प्युठान-सुर्खेत सडक खण्ड अन्तर्गत दाङको मुर्कुटी भन्ने स्थानमा सवारी आवतजात रोकिएको छ । कान्ती राजमार्गको मकवारपुर क्षेत्रमा गएको पहिरोले राजमार्ग अवरुद्ध गरेको सडक विभागले जनाएको छ ।

वर्षाका कारण त्रिशूली नदीमा बाढी उर्लिंदा जलविद्युत् आयोजनाका चार वटा टिप्पर र दुई वटा एक्स्काभेटर नदीको बीच भागमा फसेका छन् ।

चामे-बेँसीशहर सडकखण्ड पनि अवरुद्ध भएको छ । लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ काभ्रेभिरमा पहिरो खस्दा सडक अवरुद्ध भएको हो ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार शनिबार पनि मधेस, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका धेरै स्थान तथा सुदूरपश्चिम प्रदेशमा मेघगर्जन/चट्याङसहित वर्षा निरन्तर हुने सम्भावना छ । तराईका केही स्थानमा हावाहुरीको समेत सम्भावना रहेको महाशाखाले जनाएको छ ।

यसैबीच, बालाजु क्षेत्रमा मोटरसाइकल नालीमा खसेको छ । बालाजु अन्नपूर्ण चोक नजिकै बा.प्र. ०२-०८१ नम्बरको मोटरसाइकल चालकसहित नालीमा खसेको हो ।

उपत्यका प्रहरी कार्यालयका एसएसपी बिनोद घिमिरेका अनुसार मोटरसाइकल निकालिएको छ । तर चालक वेपत्ता छन् ।

## न्यायाधीश...

आजै थुन्नुस्, मेरो चुनौति हो ।'

सरकार र संसदलाई सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति गर्ने काममा साँची नबस्न उनको आग्रह छ ।

न्याय परिषद्ले गरेको सिफारिसउपर संसदीय सुनुवाइ हुनुपर्छ । १५ सदस्यीय संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि मात्रै नियुक्ति हुने संवैधानिक व्यवस्था छ ।

'मुलुकको सरकार लोकतान्त्रिक सरकार भनेर भनिन्छ । मुलुकको संसद, लोकतान्त्रिक संसद भनिन्छ । उहाँहरूलाई पनि यो गैरसंवैधानिक कामको साँची नबस्नका लागि अनरोध गर्दछु' उनले भने ।

उच्च अदालतको मुख्य न्यायाधीशबाट सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस भएका नृपध्वज निरौला संसदीय समितिबाट अनुमोदन भएर नियुक्त भए १२ वर्षपछि ५० दिन देशको न्यायपालिकाको नेतृत्वमा पुग्नेछन् ।

न्याय परिषद्को बैठकले टेकप्रसाद ढुंगानापछि प्रधानन्यायाधीश हुने गरी निरौलालाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेको हो ।

ढुंगाना २०९३ पुस ६ मा ६५ वर्षे उमेर हदका कारण अवकाशमा जानेछन् । उनीभन्दा पहिले नहकुल सुवेदी देशको प्रधानन्यायाधीश बन्ने रोलक्रममा छन् । सुवेदी ९ महिनाका लागि प्रधानन्यायाधीश बन्न सक्नेछन् । उनको कार्यकाल २०९३ असार ८ गतेसम्म छ । त्यसपछि ढुंगानाले ६ महिना न्यायालयको नेतृत्व गर्न पाउनेछन् ।

ढुंगाना बिदा भएपछि निरौलाले २०९३ पुस ६ देखि माघ २५ सम्म न्यायालय सम्हाल्ने अवसर पाउन सक्नेछन् । न्याय परिषद्को अभिलेखअनुसार, निरौलाको जन्म २०२८ माघ २५ गते खोटाङमा भएको हो । सर्वोच्च अदालतका न्यायाधीशले ६५ वर्षसम्म पदमा बहाल रहन पाउँछन् ।

अध्यक्ष घिमिरेले आफू नेतृत्वमा रहेसम्म नेपाल बारले गैरसंवैधानिक र गैर यायिक कुनैपनि कदमप्रति सम्झौता नगर्ने बताउँदै आएका छन् ।

'मैले त तपाईंलाई लेनदेनको आधारमा न्यायाधीश नियुक्ति सिफारिस गर्नुभयो भनेर भनिसकें । तपाईंलाई आफूले लिएको हिसाबकिताब मिलानका लागि न्यायाधीश नियुक्ति गर्नुभयो भनेर भनिसकें । सक्नुहुन्छ थुन्न भने थुन्नुस् । कति महिना थुन्ने हो ?' उनले दोहोर्‍याएका छन् ।

## असोज...

रेकोग्निसन सिष्टम लागू भए अभिमुखीकरण तालिमको कक्षा शुरू र समाप्त भएको एक घण्टाभित्र प्रत्येक दिनको हाजिरी फेमिसमा प्रवेश गराइसक्नुपर्ने विभागले जनाएको छ ।

विभागले यसअघि असोज १३ गतेदेखि आँखाको रेटिना रेकर्ड गर्ने आइरिस रेकग्निसन सिष्टमदेखि देशगत कलष्टर लागू गरिने जनाएको थियो । उक्त निर्णय लागू गराउनेबारेमा श्रममन्त्रीस्तरमा गत साउन २९ गते नै निर्णय भएपनि व्यवसायीले तयारी नपुगेको भन्दै समय माग गरेका थिए । केही अभिमुखीकरण संस्थाले वैदेशिक रोजगारमा जाने व्यक्तिलाई कक्षामा उपस्थिति नै नगराउने गुनासो बढेपछि मन्त्रालयले आइरिस रेटिनाको व्यवस्था गरेको हो ।

## राष्ट्रसंघमा...

विकास लक्ष्य हासिल गर्न २४ बिलियन अमेरिकी डलरको आर्थिक खाडल रहेको पनि स्मरण गरे । संयुक्त राष्ट्रसंघको ७९औं महासभामा भाग लिन प्रधानमन्त्री ओलीको नेतृत्वमा नेपाली टोली अमेरिको न्युयोर्कमा रहेका छन् ।

एशियाली कोअपरेसन डायलग एसिडीमा संलग्न देशहरुका मन्त्रिस्तरीय बैठकलाई सम्बोधन गर्दै परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले अहिले मानवता इतिहासकै कठिन मोडमा रहेकाले मानवहितका लागि विश्व नै एक हुनुपर्ने अवस्था आएको बताएकी छन् ।

'हामीहरु अहिले विश्वमा सबैभन्दा बढी समस्यामा रहेका छौं । एकातर्फ हाम्रो साझा घर पृथ्वीले जलवायु परिवर्तनको असरका कारण दिनप्रतिदिन नसोचिएको समस्या झेलिरहेको छ । हिमालहरु पग्लिनेक्रम तीव्र बन्दैछ' उनले भनेकी छन् ।

उनले अगाडि भनेकी छन्, 'हिमताल फुटेर कहाँ कतिबेला बाढी आउँछ र मानवीय क्षति गर्छ भन्ने त्रास बढेको छ । मानवनिर्मित विकासका संरचना तथा पूर्वाधारसमेत भत्किँदै छन् । असमयमै बाढीको प्रकोप बढ्दै गएको छ । मानवीय सभ्यताको विनाश सुरु भएको त होइन भन्ने त्रास देखिँदैछ ।'

यस्ता समस्याबाट नेपालजस्ता विकासशील राष्ट्रहरु, भूपरिवेष्टित राष्ट्रहरु तथा विश्वका अतिकम विकसित राष्ट्रहरु बढी मारमा परिरहेका मन्त्री डा. राणाको भनाइ छ ।

# चाडपर्व सुरक्षा योजना : काठमाडौंमा तीन हजार सात सय प्रहरी खटिने

**काठमाडौं/मस–** काठमाडौं प्रहरीले 'नागरिक स्वयम्को सावधानी, प्रहरीको निरन्तर निगरानी, बनाऔं सुरक्षित राजधानी' नारासमेत अघि सारेको छ । यसका लागि जिल्ला प्रहरी परिसर काठमाडौंले आउँदा चाडपर्वमा शान्ति सुरक्षालाई सुदृढ तुल्याइ जनजीवनलाई सहज र सरल बनाउन विशेष सुरक्षा योजना अघि सारेको छ ।

सुरक्षा व्यवस्था अझ राम्रो बनाउन काठमाडौंलाई विभिन्न १४ इलाकामा विभाजन गरेर प्रहरी नायब उपरीक्षकको नेतृत्वमा प्रत्येक युनिटमा १०/१० जनाको टोली बनाइ परिचालित गरिने काठमाडौं प्रहरी प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले जानकारी दिए । परिसरमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उनले दशैं, तिहार, छठलगायत चाडपर्वका लागि काठमाडौं जिल्लाभित्र कुल तीन हजार सात सय ६५ जनशक्ति परिचालन गरी विशेष सुरक्षा व्यवस्था मिलाइएको प्रहरी नायब उपरीक्षक रजौरेले जानकारी दिए ।

घटनास्थलमा १० मिनेटभित्र पुग्ने गरी 'इलेक्ट्रोनिक क्विक रेस्पोन्स टिम' (इ-क्युआरटी), सिआरभी र मोबाइल टोलीलाई तयारी अवस्थामा राखिएको



छ । घटनास्थलको तस्वीर तथा श्रव्यदृश्य लिन 'गोप्रो क्यामेरा', तैनाथीको अवस्था बुझ्न जिपिए र तत्काल रेस्पोन्सका लागि आवश्यक सामग्रीसहित इक्युआरटी टिमलाई परिचालित गरिएको छ । घटनास्थलमा थप प्रतिकार्यका लागि बढीमा ३० मिनेटभित्र यथेष्ठ प्रहरी तैनाथी हुने व्यवस्था मिलाइएको छ ।

प्रहरीले अपराध हुनसक्ने सम्भावित क्षेत्रमा पैदल, सवारी र ड्रोनमार्फत गस्ती गर्नेछ । प्रहरीले स्थानीय बासिन्दाका खाली घर, आर्थिक कारोबार हुनसक्ने स्थान, सरकारी कार्यालय, भीडभाड हुने स्थान, गरगहना पसल, बसका टिकट काउन्टर, धार्मिकस्थल, बसपार्कलगायतलाई सुरक्षा क्षेत्रका रुपमा पहिचान गरेको छ ।

सम्भावित क्षेत्रमा सूचना संकलनका लागि सादा पोसाकमा ३८ टोली परिचालित हुनेछन् । 'सिल एण्ड सर्च'का लागि २८ तथा 'एम्बुसिङ' र निगरानीका लागि २२ टोली परिचालित गर्ने काठमाडौं प्रहरीको तयारी छ । काठमाडौं भित्रने नाकामा प्रत्येक दिन कुकुरमार्फत उच्च निगरानी गरिने, विभिन्न ३५ स्थानमा सुरक्षा व्यवस्थासम्बन्धी चेतना फैलाउन पर्चा वितरण गर्ने, काठमाडौंका प्रमुख १२ स्थानका टिकट काउन्टरमा सहायता कक्ष सञ्चालन गरी सार्वजनिक यातायातलाई सुरक्षित र व्यवस्थित बनाउन विविध कार्यक्रम गरिनेछ ।

बैंक तथा वित्तीय संस्थामा चोरी लुटपाट हुनसक्ने, सामान किनबेच हुने स्थानमा अत्यधिक भीडभाड भइ किनबेच कार्यमा असुविधा तथा पसलहरुमा चोरी तथा लुटपाट हुन सक्नेतर्फ ध्यान दिँदै प्रहरीले निगरानी गर्नेछ । एटिएम बुथ तोडफोड गरी चोरी हुनसक्ने हुँदा सो क्षेत्रतर्फ गस्ती गरी सुरक्षा व्यवस्था मिलाइने प्रहरी नायब उपरीक्षक रजौरेले बताए ।

चाडपर्वमा लुटपाट तथा कुटपिट, चोरी, डकैती, सवारी दुर्घटना, तस्करी, जुवातास, अवैध मदिरा बिक्री वितरण, मदिरा सेवन गरी झै-झगडा, ट्राफिक नियमको उल्लंघन, आगजनी तथा विस्फोटन, महँगो भाडा असुलीलगायत आपराधिक गतिविधि हुनसक्ने भएकाले उच्च निगरानी राखिएको प्रहरी वरिष्ठ उपरीक्षक रजौरेले जानकारी दिए । काठमाडौंलाई सुरक्षित सहर बनाउन आमनागरिकको सावधानी आवश्यक रहेको भन्दै उहाँले काठमाडौंलाई सुरक्षित बनाउन प्रहरीले कुनै कसर नराखिने स्पष्ट पारे ।

# भूमिकास्थानमा बीउ उत्पादन शुरु



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १२ असोज

बर्सेनी बाहिरी जिल्लाबाट बीउ खरिद गरी ल्याउने अर्घाखाँचीमा अब जिल्लाभित्रै बीउ उत्पादन शुरु भएको छ । जिल्लाको भूमिकास्थान नगरपालिकाले बीउ उत्पादन गरी पालिकाभित्र र अन्य पालिकामा बिक्री गर्ने गरी उत्पादन थालेको हो । अहिले भूमिकास्थान नगरपालिकाले पहिलो पटक ठूलो मात्रामा आफैले लिजमा लिएको जग्गामा मकै उत्पादन गरी बीउ बनाउने अभियान शुरु गरेको छ ।

अब नगरपालिकाले कमर्सियल जनशक्ति परिचालन गरी बाँझो खेतबारी र लिजमा लिएर मकैको अलवा धानको बीउ वितरण गर्न उत्पादन शुरु गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपालीले जानकारी दिए ।

अधिकृत नेपालीले भने, 'अहिले हामिले मकै र धान नगरपालिकाका सबै किसानलाई आफै उत्पादन गरेको हाइब्रिट बीउ वितरण गर्छौं र गहुँ र प्याजको बीउ उत्पादन गर्नका लागि पनि जग्गा लिएर बीउ उत्पादन गर्ने तयारी रहेकोले अब अन्य पालिकामा समेत बिक्री गर्ने लक्ष्य राखेका छौं ।'

यसअघि मकै धान गहुँको मूल बीउ कृषि अनुसन्धान केन्द्र भैरहवाबाट खरिद गरी भूमिकास्थान नगरपालिकाका ल्याइ ५० प्रतिशत, ७५ प्रतिशत अनुदानमा किसानलाई वितरण गर्ने गरिएकोमा अहिले वडा नम्बर ९ वडा नम्बर १० लगायतका ठाउँमा मकै धान लगाइ त्यहाँबाट उन्नत जातको बीउ उत्पादन गरी अब आउने सिजनका लागि बीउ वितरण गर्ने नगरप्रमुख झबिलाल थापाले बताए ।

मागमा आधारित बीउ कृषकलाई उपलब्ध गराउने उनको भनाइ छ । अहिले पहिलो वर्ष भएकाले माग पूर्ति गर्न नसकेपनि अर्को वर्ष बीउ प्रयाप्त हुने थापाले दाबी गरे । मनकामना ३ र रामपुरकम्पोजिट नामक मकैको झण्डै ८० कुइन्टल बीउ उत्पादन गरी वितरण गर्नका लागि अहिले नगरपालिकाले १२ जना कमर्सियल जनशक्ति मकै बीउ तयारीका लागि खटाएको छ, भने उनीहरुलाई दैनिक ६ सय रुपैयाँ ज्याला नगरपालिकाले उपलब्ध गराउने गरेको त्यहाँ काममा खटिएकी कल्पना श्रेष्ठले बताइन् ।

त्यस्तै, १४ हेक्टर भन्दा बढी क्षेत्रफलमा लगाएको सुक्खा ३ र सुक्खा ६ धानको बीउ उत्पादन भएको छ । ठाउँ-ठाउँमा बेमौसमी वर्षाका कारण धानबालीमा क्षति भएको समयमा भूमिकास्थान नगरपालिकाले लगाएको मकै धान खेती निकै राम्रो फलेको छ । नगरपालिकाले काँक्रो, सिमी, बोडि लगायत बेमौसमी तरकारीका बिरुवा नगरपालिकाको भवन नजिक उत्पादन गरी नगरपालिकाबासीलाई बिक्रीवितरण गर्ने गरेको छ ।

भूमिकास्थान नगरपालिकाबाट अर्घाखाँचीका सन्धिखर्क नगरपालिका, शितगंगा नगरपालिका मालारानी गाउँपालिका पाणिनी गाउँपालिकामा बीउ बिक्रीवितरण गर्ने नगरपालिकाले तयारी गरेको छ । बर्सेनी बीउमा मात्र लाखै रुपैयाँ खर्च गर्दै आएको भूमिकास्थान नगरपालिकाले अब आफैँ आत्मनिर्भर भइ जिल्लाका सबै पालिका र बाहिर जिल्लामा समेत निर्यात गर्दा अर्थोपार्जन मात्र होइन्, जिल्लामा कृषि प्रणालीसमेत बलियो हुँदै जाने विश्लेषण गर्न थालिएको छ ।

# खुला सत्र सकिएको एक सातामा कोशी प्रदेश समन्वय परिषद् कतारले पायो नयाँ नेतृत्व



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ११ असोज

तेस्रो अधिवेशनको खुला सत्र सकिएको एक सातामा कोशी प्रदेश समन्वय परिषद् कतारले नयाँ नेतृत्व पाएको छ । शुक्रबार बिहानसम्म निर्वाचन समिति, अध्यक्ष पदका आकांक्षीसहित अन्य पदका आकांक्षीहरु र कोशी प्रदेशभित्रका जिल्ला अध्यक्षहरूको लामो छलफल र रस्साकस्सीपछि कोशीले नयाँ नेतृत्व पाएको हो ।

कोशी प्रदेशको आगामी एक कार्यकालका लागि धनकुटाका पदम घिमिरे अध्यक्ष पदमा बहु समर्थनले निर्वाचित भएका छन् ।

कार्यसमितिका अन्य पदाधिकारीहरुमा प्रथम उपाध्यक्ष रुद्र शर्मा (खोटाङ), उपाध्यक्ष भीम वि.क (मोसु), उपाध्यक्ष गोपीकृष्ण अधिकारी (उदयपुर), महिला उपाध्यक्ष लीला राई (पाँचथर), सचिव किरण परियार (झापा) र सहकोषाध्यक्ष सुदिप भित्रीकोटी (ओखलढुंगा) रहेका छन् ।

महासचिवमा पदम सिम्खडा (संखुवासभा) र कोषाध्यक्षमा महेन्द्र उप्रेती (तेह्रथुम) गत हप्ता नै निर्विरोध चयन भएका थिए ।

त्यस्तै कार्यसमिति सदस्यहरुमा तिला बहादुर खत्री (खोटाङ), सुजन ढकाल (मोरङ), पदम बहादुर श्रेष्ठ (ओखलढुंगा), खेमराज खड्का (धनकुटा), कालेन्द्र राजवंशी (झापा), धन बहादुर गुरुङ (ताप्लेजुङ), दिपक रिमाल (तेह्रथुम), संजिव कटुवाल (उदयपुर), प्रताप मुस्कान (भोजपुर) र शिव कुमार खत्री (संखुवासभा) रहेका छन् । रिक्त रहेको सचिव पद र अन्य केही कार्यसमिति सदस्यहरुलाई कार्यसमितिले मनोनित गर्नेछ ।

कतारको नियम कानूनलाई शिरोपर गर्दै प्रदेशभित्रका सबै परिषद् सदस्यहरूलाई बोलाएर चुनाव गराउन सम्भव नभएका कारण कोशी प्रदेशमा सहभागी ११ जिल्ला संस्थाका अध्यक्षहरूमार्फत नयाँ नेतृत्व चयन गर्ने सहमतिअनुरूप जिल्ला अध्यक्षले मात्र समर्थनको मत दिएका थिए । प्राप्त समर्थन मतअनुसार अध्यक्षका प्रत्याशी दुर्गा प्याकुरेलले २, गोपाल बस्नेतले ४ जिल्लाको समर्थन पाउँदै गर्दा पदम घिमिरेले ५ जिल्लाको समर्थन पाउँदै नेतृत्वमा पुगेका थिए । ताप्लेजुङ पाथीभरा सेवा समाज कतार तटस्थ बसेको प्रक्रियामा सहभागी एक परिषद् सदस्यले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

तेस्रो अधिवेशनको खुला सत्र गत शुक्रबार फूलबारी रेस्टुरेन्टको सभा हलमा परिषद्का कार्यवाहक अध्यक्ष दुर्गा प्याकुरेलको अध्यक्षता तथा एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । अधिवेशनलाई महासचिव निरन नेपालले सहजीकरण गरेका थिए ।

# आध्यात्मिक गुरु पुरस्कृत



**काभ्रे/मस–** आध्यात्मिक गुरु अच्युतप्रसाद पौडेल चिन्तन हालै शब्दयात्रा अक्षरधाम काभ्रेबाट सम्मानित एवम् पुरस्कृत भएका छन् ।

लामो समयदेखि आध्यात्मिक साधना, साहित्य र सञ्चार कर्ममा लागि रहेका ज्यो, पं, लेखक एवं स्तम्भकार, विश्लेषक, धार्मिक गुरु पौडेललाई भोजपुर, दिँग्लाका बालगुरु षडानन्दका नाममा स्थापित आध्यामिक साधनाबाट सो संस्थाले सम्मान एवम् पुरस्कृत गरेको हो ।

पुरस्कारको राशी सुदर्शन आचार्यबाट स्थापना भएको हो भने दीर्घ साधनारत व्यक्तित्वहरुलाई हरेक वर्ष शब्दयात्रा प्रकाशनले यस्तै विभिन्न सम्मान एवं पुरस्कार अर्पण गर्ने गरेको छ ।

यसैबीच काठमाडौंस्थित नोवल साकोस संस्थाबाट समेत पौडेल सम्मानित भएका छन् । नोवल अध्यात्म साधना पुरस्कार एवं सम्मान कार्यक्रम हालै बानेश्वरको रत्नराज्य लक्ष्मी स्कूलमा सम्पन्न भएको संस्थाकी अध्यक्ष सरस्वती गौतमले जानकारी दिएकी छन् ।

यस्तै काठमाडौं क्षेत्र नं ३ का बौद्धिक व्यक्तित्वहरुलाई जोरपाटीमा एक समारोहकाबीचसम्मान गरिएको छ । सो अवसरमा पौडेललाई समेत सम्मान गरिएको सामाजिक सरोकार समूह,संस्थाका डा.सुन्दर सिंह बोहराले जानकारी दिए ।

# तिज विशेष सांस्कृतिक कार्यक्रमको आयव्यय सार्वजनिक



**मध्यान्ह संवाददाता**
दोहा कतार, ११ असोज

दाङ देउखुरी सेवा समाज कतारले तिज विशेष सांस्कृतिक कार्यक्रम-२०२४ को आयव्यय सार्वजनिक गरेको छ । लुम्बिनी प्रदेश समन्वय परिषद् कतार अन्तर्गतका जिल्ला संस्थाहरूको सहआयोजना तथा रोल्पाली सेवा समाज, ठकुरी सहयोग सञ्जाल, परियार मित्रता समाज कतारको विशेष सहयोगमा सेप्टेम्बर ६ तारीक फूलबारी रेस्टुरेन्टको सभा हलमा जिल्लाका गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति कोषको स्थापना सहयोगार्थ आयोजना गरिएको कार्यक्रमको आयव्यय सार्वजनिक गरेको हो ।

बिहीबार साँझ नमस्ते एसिया रेस्टुरेन्टको सभा हलमा समीक्षा तथा आयव्यय सार्वजनिक कार्यक्रमको आयोजना गर्दै कार्यक्रममा ३१ हजार २ सय ९९ रियाल आम्दानी गर्दै १६ हजार ४ सय ९१ रियाल खर्चिंदै १४ हजार ८०८ रियाल बचत गरेको जानकारी दिइएको थियो । कार्यक्रममा आम्दानी र खर्चका शीर्षकहरू वाचन गर्दै सार्वजनिक गरिएको थियो । कार्यक्रममा बोल्दै समाजका अध्यक्ष रण बहादुर केसीले अभियान जारी रहेको र केही रकम अझै उठ्न बाँकी रहेको बताए ।

हरितालिका तिजको अवसर पारेर आयोजना गरिएको उक्त कार्यक्रममा नेपालबाट आमन्त्रित गायिका रिता केसीसँगै कतारमा रहेका करिब एक दर्जन कलाकारले आफ्ना प्रस्तुति दिएका थिए ।

# सुशासन कायम राख्न सधैं लागिपर्नेछु : प्रजिअ महत



**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, ११ असोज

डोल्पाका प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले समग्र जिल्लाको विकास निर्माण लगायत सुशासन कायम राख्न आफू सधैं लागि पर्ने बताएका छन् ।

प्रमुख जिल्ला अधिकारी तुलसी प्रसाद दाहाल सरुवा भए लगत्तै असोज ७ मा नयाँ प्रमुख जिल्ला अधिकारीको रुपमा डोल्पा आइपुगेका प्रजिअ महतले जिल्लास्थित क्रियाशिल सञ्चारकर्मीहरुसँगको भेटमा उक्त कुरा बताएका हुन् ।

जिल्लाको बस्तुस्थिति र सुशासन कायम राख्न पत्रकारले खेल्नुपर्ने भूमिका लगायत समसामयिक विषयको छलफलमा जिल्लाको शैक्षिक सामाजिक आर्थिक लगायत विकास निर्माण कार्यमा सुशासन कायम राख्ने सवालमा आफू प्रतिबद्ध रहेको समेत प्रजिअ महतले बताए ।

आफ्नो एक्लो प्रयासले मात्र जिल्लाको परिवर्तन सम्भव नहुने भएकाले सत्य तथ्य सूचना प्रवाह गरी शान्ति सुरक्षा अमैन चयन स्थापना गरी सुशासन कायम राख्ने काममा सञ्चारकर्मीको पनि त्यतिकै महत्वपूर्ण भूमिका रहने प्रजिअ महतको भनाइ छ ।

उपस्थित सञ्चारकर्मीले सीमा सुरक्षा, जिल्लाको रुकुम पश्चिमसँगको सिमाङकन विवाद लगायत विकास निर्माणमा भइरहेको ढिलाइ, जिल्लास्थित सरकारी कार्यालयमा सूचना प्रवाहको अवस्था र मोवाइल नेटवर्किङ निकट भविष्यमा विस्तार हुन थालेको फाइवर नेट र जिल्लामा सञ्चारकर्मीले खेल्दै आएको भूमिका लगायतका विषयमा सुझाव राखेका थिए ।

प्रजिअ महतले आफू पनि कर्णालीबासी त्यसैमाथि छिमेकी जिल्ला जुम्लाबासी भएकाले पनि समग्र डोल्पा जिल्लाको विकास निर्माण आफ्नो कार्यकाल रहेसम्म लागि परिरहने बताए । उनले भने 'भौतिक रूपमा डोल्पा नआएपनि पहिलादेखि नै छिमेकी जिल्ला डोल्पाको विषयमा खुबै चासो राख्थे । सञ्चारकर्मीले उठाएका हरेक विषयमा मैले गम्भीरतापूर्वक रही काम गर्ने प्रतिबद्धता गर्दछु ।' जिल्ला आएदेखि सरोकारवाला निकायहरुसँग निरन्तर छलफल गरिरहेको समेत प्रजिअ महतले बताए ।

सो अवसरमा नेपाल पत्रकार महासंघका अध्यक्ष सरोज थापा, महासंघका संस्थापक अध्यक्ष विष्णुप्रसाद देवकोटा, महासंघका सचिव लेख बुढा लगायतका सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

# आगो लगाएर श्रीमतीको हत्या, श्रीमान पक्राउ

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ११ असोज

रौतहट इशनाथ नगरपालिकामा श्रीमतीलाई आगो लगाएर हत्या गरेको आरोपमा प्रहरीले एकजना युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा इशनाथ नगरपालिका-२ औरैयाका २४ वर्षीय रोशन साह सोनार रहेका छन् । उनले २२ वर्षीया श्रीमती पिंकी देवीलाई मट्टितेल छर्केर आगो लगाएर हत्या गरेको आरोप लागेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका उपरीक्षक दिलिप घिमिरेका अनुसार विश्वकर्मा पुजाका दिन खेतमा पानी हाल्ने पम्पको ट्याङ्कीबाट मट्टितेल झिकेर आगो लगाएको र श्रीमतीले गुहार मागेपछि ढोका खोलेर उल्टै बचाउने नाटक गरेका थिए ।

'श्रीमतीलाई जलाएको आरोपमा हामीले कर्तव्य ज्यान मुद्दामा उनलाई कानूनी कारबाही अगाडि बढाएका छौं'उपरीक्षक घिमिरेले भने,'गम्भीर घाइते महिलाको शुक्रबार उपचारको क्रममा कीर्तिपुरमा निधन भएको छ ।'

२०७९ साल फागुनमा वैवाहिक बन्धमा बाधिएकी उनीहरूको एक सन्तान छोरा जन्मिएको थियो । तर, गौर-२ माइती भएकी उनी सुत्केरी भएको ३५ दिनपछि ससुराली घर फर्किएको दिनपछि नै उनको छोराको मृत्यु भएको थियो । मृतक पिंकीका काका संजय मुखियाले पिंकी ८ महिनाको गर्भवती भएको बताए । 'मेरो भतिजी गर्भवती थिइन् । तर उनका श्रीमान र परिवारले मिलेर गर्भवती श्रीमतीमाथि पटक-पटक घरेलु हिंसाको शिकार बनाएर मारे' उनले भने । ९ दिनसम्म कीर्तिपुर स्थित वर्न अस्पतालमा जीवनसँग संघर्ष गरेकी पिंकीको शव उपचार खर्च बुझाउन नसक्दा अस्पतालमै रहेको संजय मुखियाले बताए ।

# समुदायमा जलवायु उत्थानशील क्षमता अभिवृद्धि कार्यशाला गोष्ठी सम्पन्न




**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ असोज

डिभिजन वन कार्यालय, अर्घाखाँची र राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गत गण्डकी जलाधार उत्थानशिल आयोजनाको संयुक्त आयोजनामा समुदायको जलवायु उत्थानशील क्षमता अभिवृद्धिको लागि आवश्यकता पहिचान विषयक एक दिने कार्यशाला गोष्ठी सन्धिखर्कमा सम्पन्न भएको छ ।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको वन तथा भू-संरक्षण विभाग तथा राष्ट्रिय प्रकृति संरक्षण कोषको समन्वयमा आइ.यु.सि.एन. नेपालबाट प्राविधिक सहयोग हुने गरी उक्त आयोजनालाई हरित जलवायु कोषबाट ३२७ लाख अमेरिकी डलर अनुदान प्राप्त भएकोले कार्यक्रम शुरु गरिएको हो ।

नेपालका गण्डकी, बाग्मती तथा लुम्बिनी प्रदेशको १९ वटा जिल्ला समेटिने गरी यो आयोजना लागु भएको छ । आयोजनाको मुख्य कार्यक्रमहरुमा जलवायु परिवर्तनको जोखिममा रहेका क्षेत्रहरुमा केन्द्रित रही जलवायु उत्थानशिल कृषि वन अभ्यासहरु स्थापना गर्ने, प्रकृतिमा आधारित साना संरचनाहरु निर्माण गर्ने, मिचाहा प्रजाति व्यवस्थापन, वन डढेलो नियन्त्रण तथा व्यवस्थापन, मानव वन्यजन्तु सहअस्तित्व कायम गर्ने, जलवायु उत्थानशिल वाली प्रवर्द्धन गर्ने, गण्डकी जलाधारको जलसञ्चार ढाँचा पुनर्स्थापना गर्ने, साना सिँचाइ प्रणालीहरु निर्माण तथा मर्मत गर्ने, पानी संकलन प्रणाली निर्माण तथा मर्मत गर्ने तथा साना पोखरी निर्माण एवं मर्मत गर्ने लगायतका गतिविधिहरु सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत अर्घाखाँचीमा कार्यक्रम गरिएको डिभिजन वन अधिकृत मोहन श्रेष्ठले बताए । आयोजना सञ्चालित १९ जिल्लामध्ये १० जिल्ला (मनाङ, मुस्ताङ, म्याग्दी, बाग्लुङ, पर्वत, कास्की, स्याङजा, पाल्पा, अर्घाखाँची र गुल्मी जिल्लाका कार्यक्रम बृहत्त जलाधार व्यवस्थापन केन्द्र गण्डकीबाट संचालन एवं संयोजन हुने तथा बाँकी ९ जिल्लाहरु रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, गोरखा, लमजुङ, तनहु, चितवन र नवलपरासीको कार्यक्रम लागू भएको छ ।


VACANCY ANNOUNCEMENT

A leading foreign recruitment agency is seeking the following position urgently.

SALARY - Negotiable

Manager: - 1
P.R.O.: - 2

They should have minimum 3 years experience in this related field.

Direct call and whatsapp us +977-9814523362. aslesha.international@gmail.com

Aslesha International Pvt. Ltd.
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608

कतारमा रोजगार

कम्पनी: EMAAR UNITED FOR SERVICES, शहर: DOHA — पुन विज्ञापन
पूर्व स्वीकृत मिति: २०८१/०३/१९ — चलानी नं.: ६०२२१८५९ — LT. No.: 307168

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Dry Clean Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 0 | 15 | | 1400 | ५१,२९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज १९ गते (5 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Excellent Manpower Services Pvt. Ltd. — Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454, Email: excellentmanpower1328@gmail.com

## घुमफिर

# करसोङ पदमार्गभित्रको विविधता र भ्रमण वर्ष



■ गगन घिमिरे



इलाम पूर्वी नेपालको सुन्दर पहाडी र अथाह सम्भावना बोकेको कोसी प्रदेशका एक चर्चित पर्यटकीय गन्तव्य पनि हो । 'पहाडकी रानी' उपमाले परिचित इलाम चिसो मौसम र विविधताका कारण प्रख्यात छ । अलैंची, अकबरे, अदुवा, ओलन, अम्लिसो, आलु, अर्थोडक्स चिया, अर्किट र अतिथि सत्कार जस्ता 'अ'का कारण इलामको अलग्गै पहिचान छ । नगदे बाली र पर्यटनमा इलाम पाइला चाल्ने क्रममा छ । सन्दकपुर, माइपोखरी, कन्याम, श्रीअन्तुडाँडा, नेपालकै पहिलो चियाबारी, देशकै पहिलो चिया उद्योग मुख्य पर्यटकीय क्षेत्र रहेकामा पछिल्लो समय यस्ता ठाउँसमेत थपिने क्रममा छ । पर्यटक आऊ-जाऊ बाक्लिँदै गएपछि ऐतिहासिक, सांस्कृतिक र महत्त्वपूर्ण तर, ओझेलमा रहेका नयाँ-नयाँ पर्यटकीय गन्तव्य पहिचान हुँदैछन् । सुन्दर चियाबारी, पोखरी, हरियाली, नदीनाला, मठमन्दिर, पर्वतीय शिखरहरू आकर्षणका केन्द्र बन्दै गइरहेका छन् ।

थुम्का-थुम्का चियाबारीको हरियाली, प्रमुख चार नदी र स्वच्छ हावापानीले पर्यटक आकर्षित गरिरहेको छ । विश्वकै दुर्लभ जनावर रेडपान्डा, १८भन्दा बढी प्रजातिका लालीगुराँस, छत्तिस प्रजातिका सुनाखरी (अर्किट) सयौं प्रजातिका चरा, यहाँका आकर्षण हुन् । बहिनी पाथीभरा, सिद्धि थुम्का, थुम्केरानी, करसोङ पदमार्ग, चोयाटार वन, छिन्टापु, लारुम्बा, पानीटार, झण्डीडाँडा पर्यटकीय स्थल पर्यटकका आकर्षण बन्दैछन् ।

'करसोङ' लेप्चा भाषामा सुनाखरी फूल हो । रोङ गाउँपालिकाको हासपोखरी क्षेत्रमा दर्जनौं सुनाखरी पाइने जङ्गल छ । यही सुनाखरीको नाममा रोङ गाउँपालिकाले २०७६ सालमा कारसोङ ट्रेल औपचारिक रूपमा सञ्चालनमा आएको हो । मानिसहरू नयाँ जानकारी लिने, नयाँ ठाउँ घुम्ने रहर हुँदाहुँदै व्यस्तताका कारण आफ्ना रहरहरू कुण्ठित भइरहँदा पूर्वी नेपालको तराईबाट नजिक



र सहज यात्राको आकर्षक गतव्य करसोङ पदमार्गलाई लिन थालिएको छ । करसोङ ट्रेल छोटो पदयात्रा, साइकल यात्रा प्रसिद्ध पाउन थालेको छ । नयाँ अवधारणासहित विकास हुँदै गरेको पर्यटकीय गन्तव्यको खोजी गर्ने क्रममा अहिले इलामको रोङ गाउँपालिकास्थित करसोङ पदमार्ग सञ्चालन गरिएको हो । ट्रेलको सम्भाव्यतामा, वातावरणीय जागरूकतामा यसको विविध प्रभावहरू, स्वास्थ्य चेतना वृद्धि, स्थानीय अर्थव्यवस्थाको उत्थान, स्थानीय पालनपोषण कृषि उत्पादन र ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यसहित पदमार्ग सञ्चालन भइरहेको छ । अहिले ट्रेकर्स, साइकल यात्री, पदयात्रा गर्नेहरू माझ यस पदमार्गको लोकप्रियता बढ्दै गएको छ । यसलाई अझ व्यवस्थित र लोकप्रिय बनाउन गाउँपालिकाले यस वर्ष करसोङ भ्रमण वर्ष मनाउने तयारी गरिरहेको छ ।

तराईको गर्मीलाई छल्न प्राकृतिक ऐसिको रूपमा रहेको इलामको रोङ गाउँपालिका स्थित मेची राजमार्गको हासपोखरी खण्डबाट सुरु भएर नेपाल-भारत सीमा मेचीखोलासम्मको २९ किलोमिटर पदमार्गमा २० स्थानलाई महत्वका साथ आकर्षक पर्यटकीय गन्तव्यका रूपमा चिनाउन खोजिएको छ । समुद्री सतहको ३६५ मिटरदेखि एक हजार ८ सय मिटर उचाइसम्ममा निर्माण गरिएको यो पदमार्गमा आउने पर्यटकलाई एडभेन्चर टुरिजमको अनुभव हुने गर्छ । जैविक विविधता र वनस्पति विज्ञानका विद्यार्थीलाई अध्ययनका लागि पनि यो पदमार्ग महत्वपूर्ण छ ।

सुरुवात 'हासपोखरी, हल्लने, गिद्धेभिर, झन्डी, सलकपुर, मेची दोभान, पाटापुर' नाममा पदमार्ग सुरु गरिएता पनि २०७८सालमा करसोङ नामकरण भएको हो । मेची पहाडी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति र स्थानीयको सक्रियतामा यो पदमार्ग निर्माण थालिएको हो । जम्मा २९ किलोमिटर पदमार्गको १९ किलोमिटर ट्र्याक खुलिसकेको छ । गाउँपालिकाको अगुवाइमा अहिले पर्यटन प्रवर्द्धनका काम भइरहेका छ ।

करसोङ ट्रेल कुटिडाँडासम्म समुन्द्री सतहको ३६५ मिटर उचाइदेखि १८०० मिटरसम्म रहेको पदमार्गमा आगन्तुकहरूले विभिन्न मार्गहरूबाट ट्रेल पहुँच गर्न सक्छन् । मुख्य प्रवेशद्वार मेची राजमार्गको हासँपोखरी रहेको छ । पहाडी र तराई क्षेत्रका प्रमुख सहरहरूलाई जोड्ने राजमार्गबाट नै सुरुवात हुने यो पदमार्गलाई झापाको काँकरभिट्टा निन्दा सिरान हुँदै सलकपुर तर्फबाट पनि यात्रा गर्न सकिन्छ । हाइकिङ्ग, साइकल यात्रुहरू हाँसपोखरीबाट यात्रा गर्न सहज हुने गर्दछ ।

